[ग] खानीसंग सम्बन्धित अथवा त्यस सम्बन्धमा अधिकार पाएका व्यक्तिलाई सोधपूछ गर्ने ।

८. विशेष काममा नियमहरू खुकुलो गर्नेः—

जनहितको लागि मनासीब लागेमा सरकारले दफा ३ र ४ अन्तर्गतका नियमहरूमा फरक पारेर पनि खनिज पदार्थको ठेक्का दिन तथा काम गराउन सक्नेछ ।

९. सद्भावना लिई काम गरेकोमा बचावटः—

यो ऐनबमोजिम असल नियतले गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा कुनै सरकारी कर्मचारीउपर कुनै मुद्दा चलाउन वा अरू कुनै किसिमको कानूनी कारवाई गरिनेछैन ।

इति संबत् २०१३ साल गते रोज शुभम् ।

लालमोहर सदर मिति २०१३।७।१५।४

आज्ञाले—

नयनबहादुर,

सेक्रेटरी—कानून तथा संसदीय प्रबन्धमन्त्रालय.

# कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहले बनाइबक्सेको तल लेखिएको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

## २०१३ सालको ऐन नं १०

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# प्रादेशिक बहुमुखी योजना कार्यान्वित गर्न बनेको ऐन

कुनै क्षेत्रहरूमा बहुमुखी विकास योजनाहरू शीघ्रतापूर्वक कार्यान्वित गर्नका निमित्त व्यवस्था गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

[१] यस ऐनको नाम—"प्रादेशिक विकासयोजनाहरू (कार्यान्वित गर्ने) ऐन,२०१३" रहेको छ।

[२] यो ऐन तुरुन्त लागू हुनेछ।

२. विकास क्षेत्रको सूचना

तोकिएको जुनसुकै इलाकाको विकासको लागी बहुमुखी योजना तयार गरी सरकारले प्रकाशित सूचनाद्वारा सो क्षेत्रलाई विकास क्षेत्र भनी घोषित गर्न सक्नेछ।

३. विकास क्षेत्र सम्बन्धमा सरकारको अधिकार

दफा २ अन्तर्गत सूचना प्रकाशित भएपछि सरकारले देहायबमोजिम गर्न सक्नेछः—

[क] तोकिएको अफिसरहरूद्वारा सर्भे गर्न निर्देश दिने र यस्ता अफिसरहरू विकास क्षेत्रको जुनसुकै जग्गा जमीनमा प्रवेश गर्न पाउने।

[ख] विकास योजना कार्यान्वित गर्न आवश्यक भएको बाटो, बाँध, नहरहरू बनाउने र यस्तै अरू कामहरू गर्ने।

४. जग्गा जमीन प्राप्त गर्ने सरकारको अधिकार

[१] दफा २ अन्तर्गत सूचनामा उल्लेख भएअनुसारको कुनै विकास योजना कार्यान्वित गर्नको निमित्त विकास क्षेत्रभित्रको कुनै जग्गा जमीन इत्यादिको आवश्यकता छ भन्ने सरकारको विचारमा लागेमा सरकारले त्यस्तो जग्गा जमीन प्राप्त गर्न सक्छ।

[२] जग्गा प्राप्त गर्ने बारे तत्काल लागू भइरहेको ऐनबमोजिम यस्तो जग्गा जमीन प्राप्त गरिनेछ।

२८८

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर जग्गा प्राप्त गर्नु भन्दा अघि दुइ वर्षसम्म पर्ती रहेको जग्गा जमीनका हकमा कुनै क्षतिपूर्ति दिइनेछैन र सरकारले विकशित क्षेत्रको कुनै विकशित जग्गा जमीन बेच्न चाहेको खण्डमा जुन जुन व्यक्तिबाट सरकारले क्षतिपूर्ति बेमर त्यस क्षेत्रमा जग्गा जमीन प्राप्त गरेको थियो, ती ती व्यक्तिले दफा ५ अन्तर्गत बनिने नियमहरूको अधीनमा रही त्यस्तो विकशित जग्गा जमीन किन्न नपाई अरूले किन्न पाउनेछैन ।

५. नियमहरू बनाउने सरकारको अधिकार

[१] यस ऐनको उद्देश्य पूर्ति गर्नको लागि सरकारले नियमहरू बनाउन सक्नेछ ।

[२] उपदफा [१] ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी यो नियमहरूले देहायका कुराहरूमा पनि व्यवस्था गर्न सक्नेछ ।

[क] कुन कायदाले र कुन कार्यप्रणालीले कामहरू कार्यान्वित गरिन्छन्, सोबारे ।

[ख] विकाशित जमीन बेच्दा भोगाधिकार कस्तो हुने र किन्ने व्यक्ति तथा निजको सन्तान दरसन्तानले कुन शर्तमा यस्ता जग्गा जमीनहरू भोग चलन गर्छन् सोबारे ।

६, प्रचलित ऐनसँग बाझिएमा गर्नेबारे

तत्कालीन लागू रहेको कुनै नेपाल कानूनसंग बाझिए तापनि यो ऐन र यसऐन अन्तर्गत बनेका नियमहरू लागू हुनेछन् ।

इति संवत् २०१३ साल गते रोज शुभम् ।

लालमोहर सदर मिति

२०१३।७।१५।४

आज्ञाले

नयनबहादुर खत्री क्षेत्री,

सेक्रेटरी—कानून तथा संसदीय प्रबन्धमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

250